निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचन सम्बन्धी संवैधानिक व्यवस्था

रातो रङ्गको - सबै भन्दा सजिलो

प्याजी रङ्गको - ठिकै (सजिलै)

निलो रङ्गको - अलि गाह्रो

यो किताब प्याजी तहको हो ।

यो तहमा भएका किताबहरू :

- निर्वाचनको महत्व
- मतदानको महत्व
- मतदाता नामावलीमा नाम दर्ता
- निर्वाचन र राजनीतिक दल
- समावेशी निर्वाचन र परिवर्तन
- निर्वाचन सम्वन्धी संवैधानिक व्यवस्था

**निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका**

# निर्वाचन सम्बन्धी संवैधानिक व्यवस्था

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल

फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०

फ्याक्सः (९७७ -१) - ४२२९२२७/४२२५५८०

इमेलः info@election.gov.np

वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल

सर्वाधिकार सुरक्षित


प्रथम संस्करण : वि.सं. २०७६

ISBN: ९७८९९३७-७३८-०८-८

# विषय सूची


| विषय | पेज |
|---|---|
| निर्वाचन सम्बन्धी संवैधानिक व्यवस्था | १ |
| छलफलका लागि प्रश्नहरू | १३ |

# निर्वाचन सम्बन्धी संवैधानिक व्यवस्था




"सबिता भाउजु, तपाई आज सामुदायिक संस्थामा आउनु भएको छ त !" परिचालकले सोध्नुभयो ।

"समस्या नै पऱ्यो र आएकी नि नानी !"

"के समस्या भयो र भाउजु !"

"आज बिहान मलाई नातिनीले हैरान नै पारिन् नि !"

"किन भाउजु !"

"संविधान के हो ? किन बनाउने ? कसरी बन्छ ? भनेर बिहानभर सोधेको सोध्यै गरिन् । घरमा सोधेर

आउनु भनेर सरले भन्नुभएछ। आफूलाई थाहा छैन के भन्ने ? भोलि भनौंला भनेर टारिदिएँ। त्यसैले तिमीसँग कुरा बुझ्नु पऱ्यो भनेर आएकी नि !" सबिता भाउजुले कुराको पोको खोल्नुभयो ।

"हो नि त भाउजु ! बच्चाहरूले त आफ्ना बाबु आमा जान्ने सुन्ने हुन्छन् भन्ने ठान्छन् । यस्ता सामान्य कुराहरू त जानी राख्नु पर्छ ।" भन्दै परिचालकले थपिन्-"ल सुन्नु भाउजु ! संविधान भनेको देशको मूल कानुन हो। सबै कानुनहरू संविधान अनुकुल हुने गरी बनाइन्छ । संविधानसँग बाझिने सबै कानुन स्वतः अमान्य हुन्छन् ।"



“बुझ्ने कुरा जसरी बुझे पनि हुन्छ भाउजु ! रुखको मूल हाँगो र त्यो हाँगोबाट निस्केका अरु हाँगा भने पनि भयो ।

मूलबाटो र शाखाबाटो भनेर तुलना गरेपनि भयो । हाम्रो गाउँमा मूलबाट ठूलो ट्याङ्किमा पानी जम्मा गरिएको छ । त्यो पानी सबै टोलका साना ट्याङ्किमा पठाइएको छ । ती सबैका धारामा पानी झारिएको छ । हाम्रो आवश्यकता पुरा गरिएको छ ।

हो त्यसरी नै, संविधान पनि सबै कानुनको स्रोत हो । हामीलाई चाहिने सबै कानुन बनाउने आधार संविधानले दिन्छ । **संविधानले गरेका व्यवस्था लागु गर्नका लागि ऐन बनाइन्छ । ऐनले तोके बमोजिम भनेका कुराका लागि नियमावली बनाइन्छ ।** विभिन्न विषयका कार्यन्वयनका चरणमा आउने समस्याहरू सम्बन्धित निकायले नीति निर्देशन जारी गरी समाधान गर्दछन् । यी सबै काम संविधानको आधारमा गरिन्छ ।

जसरी ट्याङ्किमा नजोडी धारा बनाए पानी आउँदैन । पानी नखसेपछि धाराको कुनै काम हुँदैन । हो त्यसरी नै संविधान बाझिने गरी कानुन बनाएमा त्योपनि लागू

हुँदैन । त्यसले मान्यता पाउँदैन भन्न खोजेको हो ।"

"हाम्रै गाउँघरको उदाहरण दिएर कानुनको कुरा सिकाउनु भयो मलाई त खुब खुसी लाग्यो ।

**यो संविधान कसले कसरी बनाउँछ त नानी ?"** मन्दिरा काकीको प्रश्न थियो ।

संविधान धेरै तरिकाबाट बनाउन सकिन्छ । "हाम्रो अहिलेको संविधान, संविधान सभाले बनाएको हो । **संविधान सभामा ६०१ जना सभासदहरू हुनुहुन्थ्यो ।** वहाहरू समानुपातिक र पहिलो हुने निर्वाचित हुने प्रणाली मार्फत निर्वाचित भएर आउनु भएको हो । जनताले निर्वाचनको माध्यमद्वारा निर्वाचित गरेर पठाएका सविधान सभाका सदस्यहरुले संविधान वनाउनु भएको हो । "



"ल भाउजु ! संविधान सभा सदस्यको निर्वाचनमा भोट हाल्न गएको हैन त ?"

"ए ! त्यो संविधान सभाको चुनाव, यही संविधान बनाउन भएको रहेछ, हैन त ?"

"हो नि त भाउजु ! बल्ल कुरा बुझ्नु भयो ।" परिचालकले भन्नुभयो ।


"संविधान कि त जनताका प्रतिनिधिले बनाउँछन् । कि त संविधान निर्माण आयोगले नै बनाएको हुन्छ । कहिले त राज्य सञ्चालकले छानेका व्यक्तिहरूले पनि संविधान बनाउँछन् । २००७ सालको अन्तरिम शासन विधान, नेपालको अधिराज्यको संविधान २०४७, आयोगले बनाएको संविधान हुन । तर, २०७२ सालमा जारी भएको नेपालको संविधान भने जनताका प्रतिनिधिले बनाएका हुन् । परिचालकले प्रष्ट पारिन् ।"

संविधानमा कस्ता कुरा समेटिएको हुन्छ नानी ?

"संविधानमा जनताका मौलिक हक अधिकार संरक्षण गर्ने, जनतालाई सेवा सुविधा प्रदान गर्ने, जनताको आर्थिक अवस्था सुधार गर्ने देशमा शान्ति सुरक्षा कायम

गर्ने देशमा विकास गर्ने जस्ता महत्वपूर्ण कुराहरु समेटिएका हुन्छन् ।”

“देशमा कस्तो शासन व्यवस्था लागु गर्ने ? सरकार कस्तो बनाउने ? कसले सरकार चलाउने ? भन्ने जस्ता कुरा संविधानमा हुन्छ । संविधानमा हाम्रा हक, अधिकार र कर्तब्यको उल्लेख भएको हुन्छ । ” त्यति मात्र कहाँ हो र भाउजु !




“संविधानले सरकारको शक्ति बाँडफाँड गर्दछ । स्रोतको बाँडफाँड गर्ने आधार तयार गरिदिन्छ । यसरी

धेरै सोच विचार गरेर लामो समय लगाएर संविधान बनाएको हुन्छ । संविधानमा उल्लेख भएका कुरालाई कार्यान्वयन गर्न ऐन तथा नियमहरू बनाइने गरिन्छ ।"

"निर्वाचन शिक्षाका कार्यक्रममा यी सबै कुरा भन्नुभएको थियो त ! तपाईंले भाग लिनु भएन र भाउजु ?"

"भेला, छलफलमा त टाठाबाठा पो जाने हो त ! हामीले के जानेका छौं र जाने ? भनेर म त गइन ।"

"तपाईंले त्यही गल्ति गरेर आज नातिनीको अगाडि बोल्न सक्नुभएन । भेला बैठक छलफल छ भने कहिल्यै छुटाउन हुँदैन । धेरै कुरा सिकिन्छ । जान्नेले बोल्ने, नजान्नेले सुन्ने र सिक्ने त हो नि !"

"तिमीले भनेको कुरा अहिले दाँतैमा ढुङ्गा लागेको जस्तो भाछ नानी !"

संविधानमा निर्वाचन आयोग सम्वन्धी  के के व्यवस्था छ, सुन्नुस है त भाउजु !

**"नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोग र धारा २४६ मा आयोका काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएकोछ ।** नेपालको

संविधानको भाग २४, धारा २४५ मा निर्वाचन आयोग रहने व्यवस्था छ। निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य ४ जना आयुक्त रहने व्यवस्था गरिएको छ।"

त्यस्तै गरि भाउजु नेपालको संविधानको धारा २४६ अनुसार निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम छन् :-

(१) निर्वाचन आयोगले संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ। निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ।

(२) निर्वाचन आयोगले संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउनेछ।

(३) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका

लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।

(४) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

माथि उल्लेख भएका काम, कर्तव्य तथा अधिकार लाई सुनिश्चित गर्न संघीय कानून अनुसार निर्वाचन आयोगले सम्पादन गर्ने अन्य कार्यहरू देहायबमोजिम पनि छन् :

(क) निर्वाचनसम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने र त्यसको कार्यान्वयन र अनुगमन गर्ने,

(ख) मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) निर्वाचनसम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने,

(घ) निर्वाचन सम्बन्धी सूचना तथा तथ्याङ्कलाई एकीकृत गरी अभिलेख व्यवस्थापन गर्ने,

(ङ) निर्वाचन कार्यालयहरुको पूर्वाधार विकाससम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(च) निर्वाचनसम्बन्धी विशेषज्ञ सेवा दिने व्यवस्था मिलाउने,

(छ) निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थासंग सम्बन्ध विस्तार गर्ने,

(ज) निर्वाचन सरोकारवालाहरूसंग नियमित अन्तरक्रिया गर्ने,

(झ) मतदाता शिक्षा सञ्चालन गर्ने,

(ञ) मतदान केन्द्र निर्धारण गर्ने,

(ट) कर्मचारीहरूको क्षमता एवम् व्यवसायिक दक्षता अभिवृद्धि गर्ने,


(ठ) स्वदेशी एवम् विदेशी निर्वाचन पर्यवेक्षकहरूलाई अनुमती दिने,

(ड) मतदान तथा मतगणना कार्य सञ्चालन गर्ने,

(ढ) आवश्यकता अनुसार नेपाल सरकारको कुनै पनि निकायको सहयोग लिने,

(ण) आवश्यकताअनुसार निर्वाचनको सिलसिलामा विशेषज्ञ सेवा लिने,

(त) विशेष परिस्थितिमा निर्वाचन रद्द गर्ने र उम्मेदवारको अयोग्यतासम्बन्धी निर्णय गर्ने ।



लत नानी ! आज मलाई जीउ नै हलुङ्गो भए जस्तो भयो । तपाईंलाई धन्यवाद छ है !" भन्दै सबिता भाउजु बाटो लाग्नुभयो ।

## छलफलका लागि प्रश्नहरू

१. संविधान भनेको के हो ?

२. संविधानसँग बाझिने कानुन के हुन्छ ?

३. संविधानलाई किन मूल कानुन भनिन्छ ?

४. संविधान कसले कसरी बनाउँछ ?

५. संविधान सभामा कति जना सभासदहरू हुन्छन् ?

६. उनीहरू सभासद कसरी बन्दछन् ?

७. संविधानमा निर्वाचन आयोगको व्यवस्था र काम कर्तव्य अधिकार के के छन् ?

८. संविधानमा कस्ता कुरा समेटिएको हुन्छ ?

९. संविधानका कुरा व्यवहारमा उतार्न के बनाउनु पर्छ ?

# सहयोगी

Educational Resource And Development Center Nepal
2061

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

Sustainable
Development
Goals
दिगो विकास लक्ष्यहरू

Kathmandu Office

ESP is supported by
European
Union
UNDP
Empowered lives.
Resilient nations.

---

*यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।*